# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

प.सं. :- २०७८/०७९
च.नं. :-

मिति.२०७९/०१/११

## प्रेस विज्ञप्ति

नेपालको राजनैतिक इतिहासमा एउटा कोशेढुङ्गाको रुपमा रहेको विस्तृत शान्ति सम्झौता र २०६२/०६३ को जनआन्दोलनको जगमा स्थापित संविधान सभाले नेपालको संविधान २०७२ जारी गर्यो । नेपालको संविधान २०७२ को मर्म र भावना अनुसार नेपाल संघीय संरचना र तीन तहको सरकार रहने गरी राज्य पुर्नसंरचना गर्यो । संघीय संरचना अनुसार मिति २०७४ बैशाख ३१ गते स्थानीय तहको निर्वाचन संम्पन्न भएको थियो । सो निर्वाचनमा संम्पूर्ण किस्पाङ वासीहरुको भरोसा र विश्वासको कारण म अध्यक्ष पदमा निर्वाचित भएको थिए । तपाइ सम्पूर्ण किस्पाङ वासीको जनादेश अनुसार ५ वर्ष मैले आफ्नो ब्यक्तिगत इच्छा र चाहना भन्दापनि किस्पाङ वासीको खुसीनै मेरो खुसी हो भन्ने मूल मन्त्रका साथ पदीय जिम्मेवारी निर्वाह गरे यस क्रममा मैले जनताको विचमा सुख दुखको एउटा हिस्सेदारको रुपमा धेरै स्नेह र प्रेमका अनुभूतीहरु संगालेको छु । मेरो कार्यकालमा मलाइ रचनात्मक सहयोग गर्नुहुने राजनैतिक पाटी,वौद्धिक जगत, सम्पूर्ण जनप्रतिनिधी, समाजसेवी, कर्मचारी, शिक्षक,युवा,किसान, आमाबुबा, दाजुभाई,दिदिवहिनीहरुमा हार्दिक धन्यवाद ब्यक्त गर्दै आगामी निर्वाचनमा हजुरहरु समक्ष पुन उमेद्वारको रुपमा उपस्थित हुने इच्छा प्रकट गर्दै मैले गाउँपालिकाको अध्यक्ष पदवाट आजैका मिति देखि लागू हुनेगरी राजिनामा गरेको व्यहोरा जानकारी गराउदछु ।

धन्यवाद ।

छत्र बहादुर लामा
अध्यक्ष